# औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड
## बालाजु, काठमाडौँ

# बढुवाका लागि दरखास्त आह्वान गरिएको सूचना

(प्रकाशित मिति : २०७८।०६।२२)

यस लिमिटेडमा रिक्त रहेका देहायका पदहरू कार्यक्षमताको मूल्याङ्कन तथा ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा बढुवा गर्नुपर्ने भएकाले लोक सेवा आयोगबाट प्राप्त सहमति र पदपूर्ति समितिको निर्णय बमोजिम औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, कर्मचारी सेवा सर्त नियमावली, २०५४ (संशोधन सहित) अनुसार यस लिमिटेडमा तोकिएको सेवा अवधि पूरा गरेका सम्भाव्य कर्मचारीबाट नियम ३३ अनुसार यो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र नियम ३४ बमोजिम रीतपूर्वक दरखास्त आह्वान गरिएको छ। दरखास्त फाराम यस लिमिटेडको वेबसाइट www.idm.org.np बाट प्रिन्ट गरी भर्न सकिनेछ। उल्लिखित म्यादभित्र केन्द्रीय कार्यालय, बालाजुमा शैक्षिक योग्यता, तालिम, भौगोलिक क्षेत्रमा कार्य गरेको अनुभव र हालको पदको सेवा अवधि खुल्ने लगायतका आवश्यक कागजातहरू स्वयं प्रमाणित गरी तोकिएको दरखास्त दस्तुर बुझाएको प्रमाण संलग्न गरी दरखास्त फाराम बुझाउनु पर्नेछ। म्याद नाघी वा रीतपूर्वक पेस नभएको दरखास्त उपर कुनै कारबाही हुनेछैन।

**तपसिल**

| क्र.सं. | विज्ञापन नं. | पद | तह | सेवा/समूह/उपसमूह | बढुवाको किसिम तथा पदसंख्या | | दस्तुर (रुपियाँ) |
|---|---|---|---|---|---|---|---|
| | | | | | कार्यक्षमताको मूल्याङ्कन | ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कन | |
| १. | १/०७८/७९ | निर्देशक | १० | प्रशासन | १ | – | १२०० - |
| २. | २/०७८/७९ | उप निर्देशक/क्षेत्र व्यवस्थापक | ९ | प्रशासन | २ | १ | १२०० - |
| ३. | ३/०७८/७९ | उप निर्देशक | ९ | प्राविधिक | १ | – | १२०० - |
| ४. | ४/०७८/७९ | सहायक निर्देशक | ८ | प्रशासन | १ | – | १००० - |
| ५. | ५/०७८/७९ | सहायक निर्देशक | ८ | प्राविधिक/सिभिल | १ | – | १००० - |
| ६. | ६/०७८/७९ | वरिष्ठ अधिकृत/कार्यालय प्रमुख | ७ | प्रशासन | १ | – | १००० - |
| ७. | ७/०७८/७९ | अधिकृत प्राविधिक | ६ | प्राविधिक/सिभिल | १ | १ | १००० - |
| ८. | ८/०७८/७९ | वरिष्ठ सहायक/सव इन्जिनियर | ५ | प्राविधिक/इलेक्ट्रिकल | – | १ | ५०० - |
| ९. | ९/०७८/७९ | वरिष्ठ सहायक/सव इन्जिनियर | ५ | प्राविधिक/सिभिल | – | १ | ५०० - |
| १० | १०/०७८/७९ | असिस्टेन्ट सव इन्जिनियर/प्रा.स. | ४ | प्राविधिक/सिभिल | १ | – | ३०० - |
| ११. | ११/०७८/७९ | सुपरभाइजर | ३ | प्राविधिक/सिभिल | १ | १ | २०० - |

**थप जानकारी** :

१. एउटै उम्मेदवारले दुवै प्रकारको बढुवामा दरखास्त पेस गर्दा सोही अनुसारको अलग-अलग दरखास्त दस्तुर लाग्नेछ।

२. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा सम्बन्धित निकायबाट समकक्षता निर्धारण गराई त्यस्ता कागजातहरूको प्रतिलिपिलाई स्वयं प्रमाणित गरी पेस गर्नुपर्नेछ।

३. यो सूचना प्रकाशन भएको मितिले ३०औँ दिन र सो दिन बिदा परे सो पछि कार्यालय खुलेको पहिलो दिनभित्र दरखास्त बुझाइसक्नुपर्नेछ।

**सदस्य सचिव**
पदपूर्ति समिति